नेपाल सरकार

# राष्ट्रिय सहकारी नियमन प्राधिकरण

# National Cooperatives Regulatory Authority

(स्थापना - २०८१)

पत्र संख्याः-

चलानी नं.:-

राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल ।
नेपाल सरकार (स्थापना-२०८१)

मितिः २०८२/१२/२५
ने.सं: ११४६ चौलागा ६, बुधबार

## आवेदन लिने कार्य बन्द गरिएको सूचना!!

यस सहकारी नियमन प्राधिकरणबाट "बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखीकरणको मापदण्ड, २०८२" जारी भई मिति २०८२/०९/१० देखि प्राधिकरणबाट सहकारी संस्थाहरुको दर्ता अभिलेखीकरणको लागि संचालन भएको Financial Cooperative Registration System (FCRS) प्रणालीमा आवेदन पेश गर्ने व्यवस्था गरी बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको संचालन इजाजतपत्र जारी गरी रहेकोमा सहकारी ऐन, २०७४ को दफा २०क. को उपदफा (२) मा भएको व्यवस्था अनुसार सहकारी संस्थाहरुको अभिलेखीकरणका लागि समयावधी मिति २०८२/१२/१७ गतेसम्म रहेकोमा प्राधिकरणको मिति २०८२/१२/०७ को २३औं बैठकले सो मितिसम्म आवेदन पेश गरेका सहकारी संस्थाहरुको अभिलेखीकरणको शुल्क बुझाएको र विवरण पेश गरेको भएमा विवरण रुजु गरी आवश्यक भएमा थप विवरण समेत माग गरी संचालन इजाजतपत्र मिति २०८३/०१/१७ सम्म जारी गर्ने भनी निर्णय गरेकोले हाल त्यस्ता संस्थाहरुको विवरण रुजु गरी संचालन इजाजतपत्र जारी गर्ने कार्य भइरहेको व्यहोरा सुचित गरिन्छ। साथै, उल्लिखित समयावधीमा दर्ता अभिलेखीकरणको आवेदन पेश नभएका सहकारी संस्थाहरुको सन्दर्भमा कानूनी व्यवस्थाको सीमाको कारणले आवेदन लिने कार्य हालको लागि बन्द भएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि सुचित गरिन्छ।

पुनश्च : FCRS मा विवरण पेश गर्नको लागि कुनै जानकारी आवश्यक भएमा FCRS login मा भएको Contact for support मा भएको म्यानुअल भिडियो र म्यानुअल पिडिएफमा हेर्नुहुन साथै अन्य प्राविधिक समस्याहरु विवरण अपलोड नहुने, प्रमाणपत्र प्राप्त नहुने जस्ता समस्याहरु भएमा प्रणालीसँग सम्बन्धित सहायताको लागि मोबाइल नं ९७१३०५३८९०/९७१३०५३८८९ को ह्वाट्सएपमा सम्पर्क गर्नुहुन समेत सुचित गरिन्छ।

(केशवराज भट्टराई)
निर्देशक